"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

संस्थाको सूचना तथा गतिविधी सम्प्रेषणको लागि

# बाराही Info Bulletin

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

वर्ष १५ । अंक १ । श्रावण, २०८१/०८२

## रजत वर्ष समापन समारोह तथा २६औं स्थापना दिवस सम्पन्न




भक्तपुर, श्रावण ४ गते, २०८१ ने.म.कि.पा का केन्द्रिय सचिव एवं संङ्घीय सांसद श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यता र नेफ्स्कूका श्रद्धेय अध्यक्ष श्री चन्द्र प्रसाद ढकालको विशेष आतिथ्यतामा भ.न.पा-४, भुलाँचा स्थित श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि को रजत वर्ष समापन समारोह तथा २६औं स्थापना दिवस सम्पन्न भयो ।

उक्त समारोहमा संस्थाको रजत वर्षको उपलक्ष्यमा प्रकाशित रजत वर्ष स्मारिका र संस्थाको बृत्तचित्रको विमोचन प्रमुख अतिथि श्री प्रेम सुवाल र विशेष अतिथि श्री चन्द्र प्रसाद ढकालले गर्नु भएको थियो ।

प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रिय सचिव तथा संङ्घीय सांसद श्री प्रेम सुवालज्यूले पूँजीवादले गर्दा देशमा भएको अवस्थावारे सचेत रहनु पर्ने धारणा व्यक्त गर्नु भयो । सहकारीमा स्थानीय सदस्यहरूको प्रतिनिधीहरूले मात्र संचालकको नेतृत्वमा छनौट हुनु पर्ने बताउँदै उहाँले सहकारीका सदस्यहरू सचेत र चनाखो हुनपर्नेमा जोड दिनु भयो । सहकारीले बचत तथा ऋण सेवालगायत सदस्यमुखी अन्य कार्यहरू समेत गर्नु पर्ने, विदेशीहरूको रणनीति तथा योजनाहरू समेतलाई ध्यान केन्द्रित रही सहकारी संस्थाहरू संचालन गर्नु पर्ने, सदस्यहरूले लोभ लालचमा फस्न नहुने कुरामा जोड दिनु भयो ।

विशेष अतिथि नेफ्स्कूनका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूले सहकारी संस्था नीति, विधि र प्रविधि बमोजिम चल्नु पर्ने, सहकारीमा रहेको बचत सुरक्षित गर्नु पर्ने, संस्थाको सेवा सुविधाको प्रवर्द्धन, सदस्यलाई थप वित्तीय साक्षर गराउनु पर्ने लगायतका विषयमा वोल्नु भएको थियो ।

बाँकी पृष्ठ ३ मा

## संस्थाका सदस्यहरूको लागि सहकारी शिक्षा शिविर सम्पन्न ।

मिति २०८१ जेष्ठ ५ गते शनिवारका दिन शिक्षा उपसमितिका संयोजक श्री पुनेन्द्र प्रसाद कुसीज्यूको सभापतित्वमा संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाज्युको आतिथ्यतामा संस्थाको तालिम हलमा जम्मा ४६ जना संस्थाका सदस्यहरूको उपस्थितिमा सहकारी शिक्षा शिविर सम्पन्न भयो ।

समुदायमा आधारित सहकारी संस्था सहकारी ऐन, कानुन, मुल्यमान्यता र सिद्धान्तमा आधारित भई संचालित हुने भएकोले नियमित सदस्य भेटघाट, समयमै नियमित साधारण सभा, नियमित बचत गराउनु पर्ने, अनिवार्य शेयर सदस्य बन्नुपर्ने, स्थानीय संचालकहरुवाट संचालित हुने भएकोले वर्तमान समयमा समुदायमा आधारित सहकारी संस्थामा कुनै पनि समस्या नहुने कुरा यस संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाज्यूले बताउनु भयो । साथै वर्तमान समयमा गैर समुदायिक सहकारी संस्थामा मात्र समस्या आएको पनि बताउनु भयो । सदस्यहरूका परिवारहरूलाई समुदायमा आधारित यस्तो सहकारी संस्थामा मात्र सदस्य बन्ने र कारोवार गर्नु पर्ने उहाँले सुझाव पनि दिनु भयो ।




बाँकी पृष्ठ ५ मा

## २५औं वार्षिक साधारण सभा

कार्यक्रम

मिति : २०८१ असोज १२ गते, शनिवार
उपस्थिति समय : बिहान १०:३०-३:०० बजे सम्म
स्थान : शुभकामना पार्टी प्यालेस, भक्तपुर

## सल्लाहकार


श्री विश्वराम त्वायना
(अध्यक्ष)


श्री राधेश्याम सुवाल
(संस्थापक अध्यक्ष)

## प्रकाशन उप-समिति


श्री जनकप्रसाद न्याइच्याई
(संयोजक)


श्री बालकृष्ण नागा
(सदस्य)


श्री रवि धोजु
(सदस्य)

## सम्पादक


श्री शिबजी हाकुदुवाल
(व्यवस्थापक)


श्री कल्पना दुवाल
(सह-सम्पादक)



**प्रकाशन**

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-४, भुलाँचा, भक्तपुर
फोन नं: ०१-६६११३६४, ६९१६३२०
E-mail: sbarahisaccos@gmail.com,
barahi_saccos@yahoo.com
Website: www.barahisaccos.com.np
Notice Board Service: 1618-01-6611364

**लेआउट डिजाईन तथा मुद्रण:**
**फाईन अफसेट प्रेस**
ग:पली-४, बाराहीस्थान, भक्तपुर
(लक्ष्मी साकोस भवन)
फोन नं.: ०१-६६१४४८३
E-mail: fop.bkt@gmail.com


## सम्पादकीय

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिको २५औं वर्षको रजत वर्ष समापन समारोह २०८१ श्रावण ४ गते सम्पन्न गरि संस्था २६औं वर्षमा प्रवेश गरेको छ । यस सुखद समयमा संस्थाका सम्पूर्ण सदस्यहरूमा हार्दिक बधाई तथा रजत वर्ष समापन समारोह तथा २६औं स्थापना दिवस भव्य र सभ्य रूपमा सम्पन्न गर्न सहयोग गर्नु हुने सम्पुर्ण अतिथि, प्रमुख अतिथि लगायत सदस्यहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ ।

रजत वर्ष २०८० साल मा भएका विविध गतिविधी तथा कार्यक्रमहरूको विवरण सहित रजत वर्षको समापन समारोहको अवसरमा संस्थाको २५ वर्ष सम्मको महत्वपूर्ण कागजपत्रहरू, तस्विरहरू एवं विभिन्न लेख रचना संकलित पठनयोग्य तेश्रो बाराही स्मारिका २०८१ प्रकाशन र संस्थाको दोश्रो बृत्तचित्र पनि विमोचन भएको हुनाले सो दुवै सामाग्रीहरू पढेर, हेरेर संस्थाको विगत र वर्तमानलाई पहिचान गर्नुहुनेछ भन्ने आशा पनि व्यक्त गर्दछौं । संस्थाले अविस्मरणीय/समय सापेक्ष घेरै थरिका नमुना योग्य कार्य गर्दै आएको सम्पूर्णमा विदितै होला जसमा थप एक वर्ष भरि रजत वर्ष मनाएको पनि सम्भवत् नमुनाकै रूपमा लिनु पर्दछ । संस्थाले भनपा नगर स्तरीय व्यवसाय पुरस्कार २०७९ प्राप्त गर्न सफल भएको छ भने २०७२ साल देखि अन्तराष्ट्रिय एक्सेस ब्राण्डको ब्रोन्ज (रजक) पदक समेत प्राप्त गरेको छ ।

आर्थिक वर्ष २०८१को असार मसान्त सम्ममा संस्थामा १अर्व १ करोड ४० लाख ४४हजार आठसय सत्र रूपैयाको लेखा परिक्षण अगाडीको सम्पत्ति जम्मा भइ सकेको छ । सहकारीमा ६६१० जना सदस्यहरूले सदस्यता प्राप्त गरि सकेको अवस्था छ ।

नेपाल भरि संचालित अधिकांश सहकारी संस्था नीति नियम संगत चलेको पाइन्छ । नीति नियममा चलेका संस्थाहरू भोलि दुर्घटनामा पर्ने सम्भावना एकदम न्यून देखिन्छ । त्यसैले नीति नियममा चल्नु भनेको संस्थागत नाफाका लागि हो । त्यसैले नीति नियमलाई अंगालेका सहकारी संस्थाको गति सुस्त भए पनि दिगो हुनेछ । जसका लागि व्यक्तिगत नाफालाई त्यागेर संस्थागत नाफाका लागि सहकारी ऐन, नियम बमोजिम मात्र सेवा सुविधा लिने दिनेकार्य गर्नु पर्दछ । सोको जानकारी सदस्यहरू सबैले जानी बुझि नियमानुसार संस्था चले नचलेको हेर्ने र सुझाव दिनु पर्ने भए समयमै दिने जिम्मेवारी सदस्यहरूको पनि हो ।

तसर्थ यस श्री बाराही साकोस सहकारीको सिद्धान्त अनुसार मुल्य मान्यतामा रही संचालित समुदायमा आधारित र नीति संगत अगाडी वढी रहेकोले विभिन्न पदकहरू पउन सफल भएकोमा कुनै दुविधा नहोला । सहकारी सिद्धान्त नीति नियम, ऐन तथा विभागिय निर्देशनलाई आत्मसाथ गर्दै अगाडि बढ्नु, सदस्यहरूको रकम सुरक्षित गर्नु र संस्थाको भविष्य सुरक्षित आदि आजको आवश्यकता हो । साथै सम्पूर्ण सदस्यहरू एवं शुभचिन्तकहरूले नीति, नियम र सिद्धान्तमा आधारित संस्थामा मात्र आफ्नो पैसा बचत गर्न सल्लाह दिनुपर्ने पनि आजको महत्वपूर्ण पक्ष हो ।

संस्थाले विभिन्न समयमा विभिन्न प्रविधिको अनुसरण गर्दै आएकोमा हाल बैक वित्तीय संस्थाको रकम Connect IPS मार्फत सदस्यहरूको आ-आफ्नो खातामा जम्मा गर्न सकिने व्यवस्था पनि यस संस्थाले सुचारू गरेको छ ।

अन्त्यमा, श्री बाराही साकोस आज २६औं वर्ष सम्म पनि नीति, नियम र प्रविधिमा आधारित रही संचालन भई रहेको छ । हालसम्म साथ दिनुभएका सम्पूर्ण सदस्यमहानुभावहरू एवं शुभ चिन्तकहरूमा आभार प्रकट गर्दै आगामी दिनहरूमा पनि यस्तै साथ सहयोगको अपेक्षा समेत गर्दछौं ।

## अध्यक्षको मन्तव्य



**विश्वराम त्वायना**
अध्यक्ष

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. रजत वर्ष सम्पन गरी २६औं स्थापना दिवस सभ्य भव्य रूपमा सम्पन भयो उक्त कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि, मित्र सहकारी संस्थाका अतिथि र संस्थाका सम्पुर्ण संस्थापक, संचालक, व्यवस्थापन, सदस्यहरूमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. नामले बचत संस्था भए तापनि यस संस्थाले सामाजिक, साँस्कृतिक रूपमा समाजलाई रूपान्तरण गराउने उद्देश्यका साथ संस्थाका सदस्यहरूलाई बासुरी बाजा प्रशिक्षण, मादल प्रशिक्षण, रक्तदान कार्यक्रम, संस्थाका वृद्धवृद्धा सम्मान, संस्थाका संस्थापक समान, बालबचतकर्ता सदस्य वनभोज तथा भ्रमण कार्यक्रम, संस्थाका सदस्यहरूलाई तिर्थ भ्रमण तथा वनभोज कार्यक्रम, संस्थामा आवद्ध सदस्यहरूलाई नेतृत्व विकास तालिम, ऋणी सदस्यहरूलाई ऋण विमा सम्बन्धी अभिमुखिकरण कार्यक्रम, माहिला सदस्यहरूलाई स्वःश्रृङ्गार तालिम, झोल साबुन बनाउने तालिम, एकहप्ते मोटरसाइकल मर्मत तालिम, कौसी खेती तालिम, स्याम्पु, हात धुने झोल साबुन, स्यानिटाइजर, कोलिन बनाउने तालिम, स्वास्थ्य सम्बन्धी जनचेतना मुलक कार्यक्रम साथै अन्य विविध गतिविधि गर्दै संस्थालाई गतिशिलता दिदै अगाडी बढाउदै आएका छौं ।

संस्थालाई स्थापनाकाल देखि हालसम्म रजत वर्ष सम्म ल्याइपुर्‍याउन सरसल्लाह सुझाव, प्राविधिक सहयोग गर्नुहुने सम्पुर्ण बौद्धिक वर्ग, संस्थापक पक्ष, व्यवस्थापन पक्ष, माथिल्लो निकाय र सबै सदस्यहरूमा नमन गर्न चाहन्छु । समाजलाई सुसंस्कृत, सामाजिक आर्थिक रूपमा सवल बनाउन यस संस्थाले महत्वपुर्ण भूमिका खेल्दै आएको हजुरहरूमा सर्व विदितै छ । संस्था संचालन गर्न केहि एक्लैले सकिदैन । संस्था संचालन गर्न विभिन्न पक्षहरूसंग समन्वय सहकार्य गर्दै अगाडी बढाउदै लाने विश्वास दिलाउन चाहन्छु ।


सहकारी संस्था गरिव,किसान, मजदुर वर्गलाई बचत गराउन, एक आपसमा सहकार्य गराउन, एक आपसमा मिलीजुली कृषि क्रान्ती गराउन, देशमै युवा विद्यार्थीलाई आफ्नो श्रम, पसिना, मेहनत गराउन विभिन्न उद्योग, कलकारखाना खोल्न प्रयत्न गर्नु सहकारी संस्थाको उद्देश्य हो र सो अनुसार हाम्रो देश कृषि प्रधान भए तापनि सहकारी संस्थाले कृषिमा लगानी गर्न छुटै बजेट व्यवस्था गरेतापनि सो लगानी गर्न नसक्नु र सदस्यहरू कृषिमा समर्पित हुन नसक्नु विधम्वनाको कुरा हो ।

आजभोली सहकारी बचत गराउनु र ऋण प्रवाह गर्नमा मात्रै सिमित रहेको पाइन्छ जसले गर्दा गैर समुदायमा आधारित संस्थाले गर्दा अन्य सहकारी संस्थाको बदनाम भएको र सहकारी संस्था प्रति धेरैको विश्वास गुमिरहेको पाइन्छ । त्यसैले बाराही साकोस त्यस्तो संस्था भन्दा पृथक हुँदै सदस्य र समुदायमा आधारित भई संस्था संचालन गर्दै आजको समयमा पनि वर्ष भरि रजत वर्ष मनाइ विभिन्न गतिविधि, कार्यक्रम गर्दै समाजलाई यो गदान गर्दै संस्था २६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा सम्पुर्ण सदस्य शुभचिन्तकहरूमा आभार व्यक्त गर्दछु ।

**रजत वर्ष समापन समारोह तथा २६औं स्थापना दिवस...**

भ.न.पा. वडा नं ४ का वडाध्यक्ष श्री उपेन्द्र सुवालज्यूले सहकारीहरूमा सहकारीको मूल्यमान्यता र सुशासन अनुसार कार्य गर्दै वित्तीय, स्वास्थ्य, खेलकुद, साँस्कृतिक आदी पक्षमा अगाडी वढिरहेका यस सहकारी संस्थाले निरन्तर रूपमा सदस्यहरूको इच्छा चाहना बमोजिम कार्य गर्दै जान सकोस भनि शुभकामना व्यक्त गर्नु भएको थियो ।

पुर्व सहकारी अधिकृत श्री उमेश्वर प्रसाद गंगोलज्युले सहकारी संस्था श्रमिक वर्गको आर्थिक उपार्जनको श्रोतको रूपमा रहेको वोल्नु भएको थियो । सहकारी विकासको लागि सदस्यहरूसंगको आपसी सम्वन्ध, सदस्यमुखी सेवा, इमान्दारिता, सुशासित व्यवहार आदी गर्नु पर्ने व्यक्त गर्नु भएको थियो ।



भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिका अध्यक्ष श्री कृष्ण गोविन्द लाखाजुज्यूले सहकारी संस्थाले उत्पादन मुलक क्षेत्रमा लगानीलाई प्राथमिकता दिनु पर्ने, सहकारी संस्था इमान्दारी र पारदर्शि हुनु पर्ने, संस्थाको क्षमता अनुसारको सेवा सुविधा मात्र प्रदान गर्नु पर्नेमा विशेष जोड दिनु पर्नेमा जोड दिनु भएको थियो ।

श्री बाराही साकोसका अध्यक्ष श्री विश्वराम त्वायनाको सभापतित्वमा सम्पन्न भएको रजत वर्ष समापन समारोहमा अध्यक्ष त्वायनाले संस्थाले रजत वर्ष भरि गरेको विविध गतिविधीको जानकारी एवं संस्था सुशासनमा रहि निरन्तर रूपमा ऐक्सेस बाण्ड प्राप्त गर्न सफल भएको बताउनु भएको थियो ।

संस्थामा नियमित रूपमा मासिक बचत गरेका बचतकर्ता सदस्यहरू मध्येवाट गोला प्रथावाट छनौट भएका १२ जना नियमित बचतकर्ता, १२ जना वाल बचतकर्ता र १ जना उत्कृष्ट सदस्यहरूलाई सम्मान तथा पुरस्कार प्रमुख अतिथिज्यूले गर्नु भएको थियो ।

रजत वर्ष समापन समारोहमा संस्थाका उपाध्यक्ष श्री कृष्ण भक्त बोडे, संस्थापक अध्यक्ष श्री राधेश्याम सुवाल समेतले वोल्नु भएको थियो । उक्त कार्यक्रम संस्थाका संचालक श्री पुनेन्द्र प्रसाद कुसीले संचालन गर्नु भएको थियो ।

उक्त अवसरमा संचालित खुल्ला रक्तदान कार्यक्रममा जम्मा ४० जना रक्तदाताले रक्तदान गर्नु भएको थियो । हार्ट एण्ड डायवेटिजको सहकार्यमा खुल्ला स्वास्थ्य परिक्षण कार्यक्रम समेत भएको थियो ।

## बाराही स्मारिका-२०८१ र संस्थाको वृत्तचित्र विमोचन कार्यक्रम सम्पन्न ।



यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को तेश्रो पटक प्रकाशित बाराही स्मारिका-२०८१ मिति २०८१/०४/०४ गते रजत वर्ष समापन तथा २६औं स्थापना दिवस कार्यक्रम, भक्तपुर पार्टी भेन्यू, ग:पलि-४, भक्तपुरमा प्रमुख अतिथि नेमकिपा केन्द्रिय सचिव एवं सङ्घीय सांसद श्री प्रेम सुवालज्यू तथा नेफ्स्कूनका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूले विमोचन गर्नु भयो । उक्त कार्यक्रममा संस्थाको वृत्तचित्र कार्यक्रमका प्रमुख अतिथिज्यूबाट बमोचन गर्नु भयो ।

संस्थाले २५ वर्षसम्मको महत्वपूर्ण दस्तावेजहरू समावेश गरी नविनतम कार्य, विविध गतिविधिहरू, सदस्यहरूको क्षमता विकासका तालिमहरू, सामाजिक उत्तरदायित्व बहन गरेका कार्यहरू, सदस्यलाई नयाँ प्रविधि अनुसार प्रदान गर्दै आइरहेको सेवा सुविधाहरू, संस्थाले गरेका योगदानहरू, संस्थाले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू, सान्दर्भिक लेखरचनाहरू संग्रहित गरि पठन योग्य दस्तावेजको रूपमा तेश्रो पटक प्रकाशित बाराही स्मारिका-२०८१ र दोश्रो संस्थाको प्रस्तुती वृत्तचित्रको बिमोचन गरिएको थियो ।

उत्कृष्ट मासिक नियमित बचत सदस्य सम्मान-२०८० संस्थाको बचत नीति अनुसार प्रत्येक महिनामा नियमित बचत गर्ने सदस्यहरू मध्ये गोलाप्रथाबाट सदस्य नं. ४७०० का रितिशा कोजुज्यूलाई यस वर्षको उत्कृष्ट नियमित बचत सदस्यका रूपमा प्रशंसा-पत्र तथा मायाको चिनो प्रदान गरि सम्मानित गरियो ।




## नियमित मासिक बचत सदस्यहरूलाई मायाको चिनो वितरण

आ.व.२०८०/०८१ मा मासिक नियमित बचतकर्ता सदस्यहरू मध्ये प्रत्येक महिनामा गोला प्रथाद्धारा छनौट गरि १२ जना सदस्यहरूलाई रजत वर्ष समापन समारोह तथा २६औं स्थापना दिवसका प्रमुख अतिथि नेमकिपाका केन्द्रिय सचिव एवं सङ्घीय सांसद श्री प्रेम सुवालज्यूबाट पुरस्कार तथा मायाको चिनो प्रदान गर्नुभयो ।




| क्र. नं. | नाम | सदस्य नं. | महिना |
|---|---|---|---|
| १ | बिश्वराम नागा | ६४४ | श्रावन |
| २ | श्री कृष्ण ख्याजू | २३९८ | भदौ |
| ३ | सुन्दर कोजू | ४८७१ | आश्विन |
| ४ | सुन्दर सायजू | ३७२ | कार्तिक |
| ५ | सन्दिप मानन्धर | ४९९२ | मंसिर |
| ६ | शिवजी हाकुदुवाल | ३२२९ | पौष |
| ७ | कृष्ण बहादुर कार्की | ३६२८ | माघ |
| ८ | सुदिन बोडे श्रेष्ठ | १८४० | फागुन |
| ९ | गोपाल बहादुर श्रेष्ठ | ३३४५ | चैत्र |
| १० | ऋजू तिमिला | २३५६ | बैशाख |
| ११ | धन बहादुर त्वाती | ५२११ | जेठ |
| १२ | द्रिर्मिला मर्हजन | ४८८७ | असार |

### श्री बाराही साकोसमा सदस्य बन्न आवश्यक न्यूनतम रकम तथा कागजपत्रहरू


- **शेयर न्यूनतम रु. १००।-**
- **मासिक नियमित बचत न्यूनतम रु. १००।-**
- **प्रवेश शुल्क रु. १००।-**
- **विपत् व्यवस्थापन शुल्क रु. १००।-**
- **परिचय पत्र शुल्क रु. १०।-**
- **फोटो - ३ थान**
- **नागरिकताको प्रतिलिपी - १ थान**
- **भक्तपुर जिल्ला बाहेकको नागरिकको हकमा:** (मतदाता परिचय पत्र / बसाई सराई प्रमाण पत्र / भक्तपुरमा घरजग्गा भएको प्रमाण पूर्जी / सहकारीको ऐन अनुसार सदस्य हुन सकिने व्यक्ति / अन्य भक्तपुरको प्रमाण)

## नियमित बाल बचत सदस्यहरूलाई मायाको चिनो वितरण

आ.व.२०८०/०८१ मा मासिक नियमित बालबचतकर्ता सदस्यहरू मध्ये प्रत्येक महिनामा गोला प्रथाद्धारा छनौट गरि १२ जना सदस्यहरूलाई रजत वर्ष समापन समारोह तथा २६औं स्थापना दिवसका प्रमुख अतिथि नेमकिपाका केन्द्रिय सचिव एवं सङ्घीय सांसद श्री प्रेम सुवालज्यूबाट पुरस्कार तथा मायाको चिनो प्रदान गर्नुभयो ।



| बाल स. नं. | महिना | बाल बचत कर्ताको नाम | ठेगाना |
|---|---|---|---|
| ११८३ | श्रावन | सिन्थिया बाडे | बोलाछें |
| ११९७ | भदौ | सुहान कपाली | बाराहीस्थान |
| १३९१ | आश्विन | सेरिन लाखा | च्यामासिह |
| १११६ | कार्तिक | सियोन बासुकला | ब्यासी |
| १३५८ | मंसिर | रिया ध्वजू | जगाती |
| १३४८ | पौष | सयम त्वायना | भुलाँचा |
| ८२६ | माघ | रेबिका लुबन्जार | जेला |
| ५४४ | फागुन | कृषा कर्माचार्य | मंगलाछे |
| ८५८ | चैत | प्रिसा भूजू | मंगलाछे |
| १३४६ | बैशाख | साइमन त्वायना | भुलाँचा |
| ९३२ | जेठ | गृष्मा सुवाल | कमलबिनायक |
| ५३२ | असार | सुमी जंगम | इताछें |



## अनिवार्य नियमित बचत गर्नै पर्ने सम्बन्धमा

संस्थामा आवद्ध सदस्यहरूले नियमित मासिक बचत गर्नुपर्ने अवगतै होला । संस्थामा नियमित मासिक बचत नगरेको सदस्यहरूलाई संस्थाबाट प्रदान गर्ने सेवा सुविधा लगायत साधारण सभामा उपस्थिती खर्च समेत नदिने गत वर्ष सम्पन्न २४ औं वार्षिक साधारण सभाबाट निर्णय भएको हुनाले चालु आ.व. मा नियमित बचत नगरेका सदस्यहरूले समयमै बचत गर्नुहुन अनुराध गर्दछ ।

**संस्थाका सदस्यहरुको लागि सहकारी शिक्षा.............**

संस्थाका नयाँ सदस्यहरूलाई यस सहकारी संस्थाको वारेमा जानकारी गराउने उद्देश्यले संचालित आजको सहकारी शिक्षा शिविरमा संस्थाले यस वर्ष सदस्यहरूलाई सेवा दिने उद्देश्यले सम्पन्न विविध संस्थागत कार्यक्रमहरूको वारेमा जानकारी गराउनुका साथै संस्थाका आगामी योजनाहरू तथा गतिविधीहरू लगायत सदस्यहरूलाई दिनु पर्ने संस्थाका विभिन्न जानकारीमुलक कुराहरू संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाज्यूले व्यक्त गर्नु भएको थियो । सभापति श्री पुनेन्द्र प्रसाद कुसीज्यूवाट उपस्थित सदस्यहरूलाई कार्यक्रममा संस्थाको वारेमा जानकारी लिनु भएकोमा धन्यवाद व्यक्त गर्दै संस्था समुदायमा आधारित, सुरक्षित, गुणस्तरीय, सेवामुलक, पारदर्शी , कुशल व्यवस्थापनद्धारा संचालित भएकाले सदस्यहरूको बचत सुरक्षित रहेको विचार व्यक्त गर्नुभएको थियो ।

संस्थाका कर्मचारी श्री राजमति सुवालज्यूवाट संदस्यहरूलाई संस्थाको बारेमा शिक्षा प्रदान गर्ने उद्देश्यले तीन चरणको जानकारी मुलक प्रस्तुतिमा सहकारीको अवधारण, प्रकार, पृष्ठभूमि, नेपालमा सहकारीको इतिहास, मूल्य मान्यता र सिद्धान्त, संस्थाको परिचय,संस्थागत पृष्ठभूमि र अवधारणा, आवद्धता, विस्तार र अवधारणा, समिति उप समिति र नीति नियम, सदस्यता प्रक्रिया, बचत सेवा, ऋण सेवा तथा अन्य सेवाको वारे जानकारी गराउनु भएको थियो । सहकारी शिक्षा शिविर कार्यक्रममा आयोजक उपसमितिका सदस्य श्री प्रविन दुवालले स्वागत गर्नु भएको थियो भने आयोजक उपसमितिका सदस्य श्री लक्ष्मी गौडाज्यूले कार्यक्रम संचालन गर्नु भएको थियो ।

## आ.व. २०८०/०८१ को तेश्रो त्रैमासिक समिक्षा गोष्ठी सम्पन्न ।



श्री बाराही साकोसको आ.व. २०८०।०८१ को तेश्रो त्रैमासिक समिक्षा गोष्ठी वैशाख २१ गते शनिवार सम्पन्न भएको छ । संस्थाका संस्थापक, सञ्चालक समिति, लेखासुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीहरू र कर्मचारी व्यवस्थापन परिवार सहभागी उक्त कार्यक्रममा २०८० चैत्र मसान्तसम्मको संस्थाको यथार्थ अवस्थाको समिक्षा गर्दै कार्यक्रमहरूको तुलनात्मक अध्ययन गरियो । साथै उक्त कार्यक्रममा आगामी दिनको लागि

थप कार्यहरू पनि तय गरियो । चैत्र मसान्त सम्म संस्थामा ९८करोड, ७ लाख,२५ हजार १० रूपैया ४९ पैसाको वासलात, ७५करोड ४१ लाख,४५ हजार, ८४६ रूपैयाको बचत, ५५ करोड ८० लाख, ७६ हजार ५१२ रूपैयाको ऋण लगानी, ६ करोड ५१ लख, ३३ हजार ६४३ रूपैया सधारण जगेडा कोष रहेको छ ।

संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाज्यूको अध्यक्षतामा सम्पन्न उक्त तेश्रो त्रैमासिक समिक्षा गोष्ठीमा प्रशासनिक प्रतिवेदन, लेखा प्रतिवेदन, ऋण प्रतिवेदन, समिक्षात्मक प्रगति प्रतिवेदन ऐक्सेस कार्यकुशलता सिकाईको प्रतिवेदन ऐक्सेस त्रैमासिक समिक्षाको प्रतिवेदन लगायत संस्थाले प्रदान गर्दै आएको श्री बाराही मोवाइल बैकिङ्ग सेवा, ईसेवा, खल्ती सेवाको प्रयोग महत्व र आवश्यकता वारे ऋमश संस्थाका कर्मचारी श्री कल्पना दुवाल, श्रीकृष्ण ख्याजु, श्री राम लक्ष्मी प्रजापति, व्यवस्थापक श्री शिवजी हाकुदुवालज्यूले प्रस्तुती पेश गर्नु भएको थियो । संस्थाका अध्यक्षको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा संस्थाका संचालक श्री पुनेन्द्र प्रसाद कुसीज्यूले कार्यक्रम संचालन गर्नु भएको थियो । समिक्षा गोष्ठीमा पदाधिकारी, संस्थापक र कर्मचारीहरू गरी जम्मा ३७ जना उपस्थिति रहेको थियो ।

## सहकारी वनभोज तथा धार्मिक तीर्थस्थल अवलोकन कार्यक्रम सम्पन्न ।

भक्तपुर, मिति २०८० चैत्र १७ गते शनिबार श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को २५औं स्थापना दिवस एवं रजत वर्ष-२०८० को उपलक्ष्यमा संस्थाको महिला उपसमिति, सदस्य तथा बचत उपसमिति र युवा तथा स्वास्थ्य उपसमितिको संयुक्त आयोजनामा काठमाडौं जिल्ला टोखा न.पा को सपन तीर्थमा वनभोज तथा धार्मिक तीर्थ स्थल भ्रमण सम्पन्न भयो ।



उक्त वनभोज कार्यक्रममा सदस्य संख्या ११६ र बाल बचतकर्ता १४ जना गरि जम्मा १३० जनाको सहभागिता रहेको थियो । धार्मिक तीर्थ स्थल भ्रमणको ऋममा टोखा स्थित चण्डेश्वरी मन्दिर, सपन तीर्थ र बौडेश्वर महादेवको दर्शन गर्नुको साथै झोर झरनाको पनि अवलोकन भ्रमण गरियो । वनभोज स्थलमा उपस्थित सदस्यहरूलाई वित्तीय रूपमा साक्षर गराउने उद्देश्यले संस्थाका संस्थापक अध्यक्ष एवं सचिव श्री राधेश्याम सुवाल, व्यवस्थापक श्री शिवजी हाकुदुवाल र अध्यक्ष श्री विश्वराम त्वायनाज्यूले संस्थाको गतिविधि प्रस्तुत गर्नुभएको थियो ।

## अर्ध वार्षिक समिक्षा गोष्ठी सम्पन्न ।

मिति २०८० माघ २० गते संस्थाको अर्धवार्षिक समिक्षा गोष्ठी तथा सहकारीमा सामाजिक परिक्षण सम्वन्धी अभिमुखिकरण कार्यक्रम होटेल सिटि गाँउमा सम्पन्न भयो ।




संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाज्यूको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीहरू, व्यवस्थापनका कर्मचारीहरू लगायत जम्मा ३७ जनाको सहभागिता रहेको थियो । अर्धवार्षिक समिक्षाका प्रतिवेदन प्रस्तुतीकरणको ऋममा संस्थाका सचिव श्री राधेश्याम सुवालज्यूवाट पाम कार्यशालाको निर्णय जानकारी तथा संस्थाको नीति संसोधन प्रस्ताव पेश गर्नु भएको थियो । संस्थाका व्यवस्थापक श्री शिवजी हाकुदुवालज्यूवाट चालु आ.व.को पौष मसान्तसम्मको समिक्षात्मक वित्तीय प्रगति प्रतिवेदन र वार्षिक कार्ययोजना सहित यस वर्षका बर्षान्त सम्ममा जम्मा रू. १,०६,४५,४६,९००।– पुर्याउनु पर्ने लक्ष्य रहेको समेत प्रस्तुतीकरण गर्नु भएको थियो । लेखा अधिकृत श्री श्रीकृष्ण ख्याजूवाट पौष मसान्त सम्म जम्मा रू. ९५,४९,६६,८४८।७८ को वासलात विवरण भएको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । संस्थाका वरिष्ठ ऋण सहायक श्री राजमति सुवालज्यूवाट पौष मसान्त सम्मको ऋण लगानी तथा असुलीको विवरण प्रस्तुतीकरण गर्नु भएको थियो । साथै संस्थाका वरिष्ठ प्रशासन सहायक श्री कल्पना दुवालज्युवाट यस आ.व को ६ महिनाको प्रशासनिक गतिविधी तथा तालिम कार्यक्रमका विवरणहरू प्रस्तुत गर्नु भएको थियो ।

अर्धवार्षिक समिक्षाको प्रस्तुतीकरण पश्चात संस्थाको थप प्रगतिका लागि कार्यक्रममा सहभागीहरूवाट आ–आफ्नो गहकिला सल्लाह सुझावहरू पनि व्यक्त गरिएको थियो । अर्धवार्षिक समिक्षाको छलफल तथा गोष्ठी सम्पन्न पश्चात वर्तमान समयमा सहकारीमा सामाजिक उत्तरदायित्वको परिक्षण सम्वन्धी अभिमुखिकरण कार्यक्रम पनि गरिएको थियो । उक्त सामाजिक परिक्षणको अभिमुखिकरण कार्यक्रममा सहजकर्ताको रूपमा पूर्व सहकारी अधिकृत प्रशिक्षक श्री उमेश्वर नाथ गोंगलज्यूवाट गर्नु भएको थियो । उहाँले सामाजिक उत्तरदायित्व परिक्षण के हो, किन चाहिन्छ, यसको महत्व, प्रभाव, उद्देश्य, कार्य, गुणस्तरियतामा टेवावारे आदि विभिन्न सुशासनका कुराहरूको वारे वोल्नु भएको थियो । गोष्ठी तथा अभिमुखिकरण कार्यक्रमको संचालन संस्थाका कोषाध्यक्ष श्री विष्णु प्रसाद सुवालज्यूवाट भएको थियो ।

## आर्थिक, सामाजिक र साँस्कृतिक पक्षमा सहकारी संस्थाको भूमिका

**रवि ध्वजु**
प्रकाशन उपसमिति सदस्य

सहकारी संस्था एक समुदायमा आधारित सामाजिक संस्था हो । सामान्य बुझाईमा सहकारी संस्था भन्नाले सरकारको प्रत्यक्ष नियन्त्रण भन्दा बाहिर रहेर नाफा व्यवसाय भन्दा भिन्नै सामुदायिकताको भावनाले प्रेरित, समाजमा रहेका भिन्न वर्गहरू मिलेर आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक आवश्यकता पुरा गर्ने अभिप्रायले एक आपसमा संगठित र सक्रिय भई संचालन गरेको संस्था नै सहकारी हो ।

समुदायको हरेक सदस्यहरूको आर्थिक, सामाजिक, साँस्कृतिक विकासमा सहकारी संस्थाले महत्वपुर्ण भूमिका निर्वाह गरेको भएर नेपाल सरकारले सहकारीलाई अर्थतन्त्रको एउटा खम्बाको रूपमा लिएको पाइन्छ । सहकारी संस्थाले वित्तिय सेवामा करिब २० प्रतिशत योगदान यहि सहकारीले पुरा गरेको पाइन्छ ।

सहकारी संस्था समुदायमा आधारित संस्था भएकोले सहकारीको माध्यमबाट समाजका हरेक क्षेत्रको विकासको सम्भव रहेको छ । एकल प्रयासबाट असम्भव कार्य सामुहिक बलबाट सम्भव हुने र विभिन्न क्षेत्रमा दक्षता हासिल गरेका मानिसहरूको समवयात्मक क्रियाकलापबाट कुनै पनि कार्य छिटो छरितो हुनुको साथै गुणस्तरीय एवं प्रभावकारी पनि बन्ने हुनाले समाजका मानिसहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा सहकारीको महत्व दिनानुदिन बढ्दै गएको पाइन्छ ।

वर्तमान समयमा मानवीय जनजीवनको दुःख सुखका सहयोगी नै सहकारी संस्था हुने गरेको पाइन्छ । समाजमा व्याप्त गरिवी, बेरोजगारी, कुपोषण, रोगी, बिरामी, वातावरण विनास, अशिक्षा जस्ता नकरात्मक प्रभावहरू बढ्दै गएपछि राज्यले मात्र समाधान गर्न नसक्ने अवस्थामा यस्ता नकरात्मक प्रभावहरूलाई समाधान गर्न सहकारी संस्थाले महत्वपुर्ण भूमिका निर्वाह गरेको पाइन्छ । सहकारी संस्थाले खास गरी स्वास्थ्य, शिक्षा, आर्थिक, सामाजिक, साँस्कृतिक विकास गर्न, महिला तथा वालबालिकाको र विपन्न वर्गको नेतृत्व विकास, कमजोर र असहाय वर्गको चेतना अभिवृद्धि गर्नु, वित्तिय साक्षरता प्रदान गर्न र सामुदायिक विकास क्षेत्रमा क्रियाशिल गराउन पनि सहकारीका महत्वपुर्ण भूमिका रहन्छ ।

सहकारी एउटा यस्तो संस्था हो, जसले समुदायमा छरिएर रहेका स्थानिय स्रोत साधनलाई सदुपयोग गर्ने, साना साना छरिएर रहेका पुँजीलाई संकलन गर्ने, पुँजीलाई व्यवस्थापन गर्ने, सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने, सामुहिक चेतना विकासको लागि विभिन्न आय मुलक तालिम प्रदान गर्ने, गोष्ठी, अन्तरक्रिया, स्वास्थ्य शिविर जस्ता क्रियाकलापहरू गरेर समाजका मानिसहरूलाई जनचेतना र कार्यशिल बनाउने कार्यमा सहकारको महत्वपुर्ण भूमिका रहेको पाइन्छ ।

सहकारीले निम्न वर्गका मानिसहरूलाई बचत गर्ने बानीको विकास गर्दछ । समाजमा मिलेर बस्ने, हामी भन्ने भावनाका विकास गर्ने, समाजमा रहेका मानिसहरूको सामाजिक सद्भावना र एकताको भावनालाई विकास गर्ने, सीप नहुनेलाई सीप, सीप हुनेहरूलाई पुँजीको अभाव हुन नदिन सहज र सरल ऋण उपलब्ध गराई सदस्यहरूको आत्मनिर्भर र स्वावलम्वी बनाउने जस्ता महत्वपुर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसरी सदस्यहरूको आयआर्जनमा प्रत्यक्ष सहयोग पुर्याई सदस्यहरूको आर्थिक विकासमा महत्वपुर्ण भूमिका निभाएको हुन्छ ।

सहकारी संस्थाले स्थानियस्तर मै रहेर जनसहभागितामा आधारित विकास प्रक्रियालाई अगाडी बढाउने गर्दछ । स्थानीय क्षेत्रमा संचालन गरिने विकासका कार्यहरूले स्थानिय समुदायको आवश्यकता र चाहाना पुर्ति गर्न सक्नु पर्दछ, यस्को लागि स्थानिय समुदायको सहभागिता अति नै आवश्यक पर्दछ । समाजमा रहेका विभिन्न पिछडिएका जाति, वर्ग समुदायलाई सचेत गराई अहिले कै आवश्यकताका आधारमा विकासका क्रियाकलाप संचालन गर्नु र विकासका सबै चरणहरूमा समुदायको सक्रिय सहभागिता गराउनुले विकास कार्यलाई प्रभावकारी बनाउनुका साथै दिगो पनि बनाउने गर्दछ ।

सहकारी संस्था लोकतान्त्रिक सामाजिक संस्था भएकोले समाजमा रहेका मानिसहरूको आर्थिक र सामाजिक रूपान्तरणको क्षेत्रमा मात्र नभई साँस्कृतिक क्षेत्रमा पनि उत्तिकै महत्वपुर्ण भूमिका निभाएको हुन्छ । परापुर्वकाल देखि पुर्खाले चलिआएको परम्परा, मान्यता, रितिरिवाज, साहित्य, भाषा, संगीत, कला सँस्कृतिलाई जर्गेना गर्नु, युवापुस्तालाई विभिन्न किसिमका संगीत, भाषा, कला सँस्कृतिको तालिम दिई एक पिढिबाट अर्को पिढिमा कला सँस्कृतिको हस्तान्तरण गरि कला सँस्कृतिको जर्गेना गर्नुमा सहकारी संस्थाले निकै महत्वपुर्ण भूमिका खेलेको पाइन्छ ।

## बाल बचतकर्ता भ्रमण वनभोज कार्यक्रम सम्पन्न ।



२०८० भक्तपुर, पौष ९ गते, शनिबार श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.का महिला उपसमित, युवा तथा स्वास्थ्य उपसमिति र सदस्य तथा बचत उपसमितिको संयुक्त आयोजनामा लिखानारायण, गुण्डु, भक्तपुरमा बनभोज कार्यक्रम सम्पन्न भयो । उक्त बनभोज कार्यक्रममा ४४ जना बाल बचतकर्ता सदस्यहरूको उपस्थिति भएको थियो भने मनोरञ्जनका लागि बलपास, मिउजिकल चियर, घ्याम्पो फुटाउने आदी खेल खेलाइयो । खेलमा विजयी बालबचत कर्ता सदस्यहरूलाई संस्थाका अध्यक्ष श्री विश्वाराम त्वायनाज्यूबाट पुरस्कार प्रदान गर्नुभएको थियो ।

## नेतृत्व बिकास तालिम सम्पन्न ।

नगरकोट, भक्तपुर, २०८१ जेठ १८ र १९ गते यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. ले संस्थामा नेतृत्व गर्ने भावी नेतृत्वकर्ता विकास गर्ने उद्देश्यले होटेल चौतारी, नगरकोटमा नेतृत्व विकास तालिमको आयोजना गर्‍यो ।




उक्त कार्यक्रमका लागि भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. बाट प्राविधिक सहयोगमा सम्पन्न भएको थियो । तालिममा प्रशिक्षक श्री तुल्सी हरि प्रजापति, श्री प्रल्हाद बास्तोला, श्री बालकृष्ण ध्वजु लगायतले प्रशिक्षण दिनुभएको थियो । दुई दिने तालिमको दोश्रो दिन समापन तथा प्रमाण-पत्र वितरण कार्यक्रम भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का उपाध्यक्ष श्री कान्छा भक्त घजुज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । साथै ३५ जना सहभागि सदस्यहरूलाई समापन कार्यक्रमका प्रमुख अतिथिज्यूबाट तालिमको प्रमाण-पत्र प्रदान गरिएको थियो ।

## खुल्ला रक्तदान कार्यक्रम सम्पन्न ।

भक्तपुर, २०८० फागुण १९ गते, सुर्यविनायक चोकमा श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भयो । समुदायमा आधारित सहकारी भएको हुनाले जन समुदाय, सदस्य र मानवीय सेवाको जिम्मेदारीलाई वहन गर्दै यस्ता सामाजिक कार्य गर्ने उद्देश्यले रक्तदान नै जीवन दान हो भन्ने मुल नारा सहित खुल्ला रक्तदान कार्यक्रम गर्दै आएको थियो । संस्थाको स्थापना दिवसको अवसरमा हरेक वर्ष खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गर्दै आइरहेको छ । रक्त संचार केन्द्र भक्तपुर शाखा, दुधपाटीको प्राविधिक सहयोगमा सम्पन्न भएको उक्त रक्तदान कार्यक्रममा जम्मा २७ जना सदस्यहरूले रक्तदान गर्नुभएको थियो ।




## उपभोक्ता सेवा (Customer Care) सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न ।

मिति २०८० माघ ६ गते, शनिबार यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजनामा सदस्य/उपभोक्ता सेवा सम्बन्धी अभिमूखिकरण कार्यक्रम संस्थाको तालिम हलमा सम्पन्न भयो ।

सो कार्यक्रममा व्यवसाय प्रवर्द्धन उपसमितिको संयोजक श्री बलराम प्रजापतिज्यूबाट संयोजकत्व ग्रहण गरि संस्थाका अध्यक्ष श्री विश्वराम त्वायनाज्यु, प्रशिक्षक श्री रेश्मी सिल्पकारज्यूलाई अतिथिको रूपमा औपचारिक कार्यक्रम गरेको थियो ।




संस्थाका व्यवसायी सदस्यहरूले आफ्नो ग्राहक (Customer) लाई कसरी आकर्षित गर्ने र व्यवहार गर्ने भन्ने उद्देश्य रहेको उक्त कार्यक्रममा सहभागी सदस्यहरूलाई विभिन्न समुहमा विभाजन गरि ग्राहक र व्यापारीको दृष्टिकोणले अभ्यास गराइएको थियो जसले गर्दा सो कार्यक्रम व्यवसायी सदस्यहरूलाई प्रभावकारी भएको थियो । उक्त कार्यक्रममा २० जना सदस्यहरूले सहभागिता जनाएको थियो र त्यस अभिमुखिकरणले व्यवसायी सदस्यहरूलाई सकारात्मक प्रभाव परेको उहाँहरूको भनाइ रहेको थियो ।

## धितो राखी ऋण लिन आवश्यक कागजातहरू :-

- सकल जग्गा धनी प्रमाण पुर्जा
- तिरो तिरेको रसिद
- नागरिकताको फोटोकपी र सकल नारिकता
- नापी नक्सा सकल
- हालसालै खिचेको १ वटा फोटो(पासपोत साईज)
- घर भएकोमा नक्सा पास पुर्जी र जग्गाधनी पुर्जामा घर कायम भएको हुनु पर्ने ।
- चार किल्ला प्रमाणित गर्नु पर्ने
- व्यवसाय भएमा व्यवसायको प्रमाण पत्र
- शेयर प्रमाण पत्रको फोटोकपी
- आयश्रोत विवरण

## मृतक सदस्य राहत वितरण

आर्थिक वर्ष २०८०/०८१ मा मृतक सदस्य राहत विमा सुविधामा समावेश भएका सदस्यहरू मध्ये निधन भएका सदस्यहरूका परिवारलाई तपसिल बमोजिम मृतक सदस्य राहत वितरण गरिएको छ ।



| क्र.सं. | मृतकको नाम | सदस्य नं. | राहत रकम | क्रिया खर्च |
|---|---|---|---|---|
| १ | राधिका मैया कायष्ठ | २४०० | ५०,०००/- | ५,०००/- |
| २ | कृष्ण प्रसाद ह्योंगजु | ६५३ | ५०,०००/- | ५,०००/- |
| ३ | विश्वराम तमखु | ८७० | ५०,०००/- | ५,०००/- |
| ४ | माहीला त्वाती | २९१५ | ५०,०००/- | ५,०००/- |
| ५ | सरस्वती वाइजु | ८५७ | ५०,०००/- | ५,०००/- |
| ६ | नीता गोसाई | ५०९३ | ५०,०००/- | ५,०००/- |
| ७ | मैया केशरी बाइजु | ९९० | ५०,०००/- | ५,०००/- |
| ८ | कृष्ण सुन्दर त्वाती | २४१५ | ५०,०००/- | ५,०००/- |
| ९ | पुण्य राम सुवाल | ५४८४ | ५०,०००/- | ५,०००/- |
| १० | तुल्सी प्रसाद तसिजु | ७१५ | ५०,०००/- | ५,०००/- |
| ११ | लक्ष्मी दुवाल | ४७३९ | ५०,०००/- | ५,०००/- |
| १२ | रत्न देवी शाही | ९१५ | ५०,०००/- | ५,०००/- |
| १३ | भीमसेन थिमी | १२२३ | ५०,०००/- | ५,०००/- |
| १४ | चन्द्र माया धुख्वा | २१९४ | ५०,०००/- | ५,०००/- |
| १५ | बलराम नागा | १८३९ | ५०,०००/- | ५,०००/- |
| १६ | कमला सुवाल | ५७२ | ५०,०००/- | ५,०००/- |
| १७ | सुन्दरी माया भुजु | १७२५ | ५०,०००/- | ५,०००/- |

## विमा सुविधा ।

क) निःशुल्क सदस्य बिमा सुविधा

१) शेयर पुँजीको आधारमा दुर्घटना बिमा रू. २५,०००।- देखि रू. १,००,०००।- सम्मको बिमा सुविधा ।

२) संचित बचतको आधारमा दुर्घटना बिमा रू. २५,०००।- देखि रू. ५,५०,०००।- सम्मको बिमा सुविधा ।

ख) स-शुल्क सदस्य बिमा सुविधा ।

१) मृतक सदस्य राहत विमा सुविधा ।

- कालगतिले मृत्यु भएमा रू. ५०,०००।- ।
- दुर्घटनाको कारण मृत्यु भएमा रू. १,००,०००।- ।
- दुर्घटनाको कारणले पुर्ण अशक्त भएमा रू. ५०,०००।- ।

२) ऋण विमा सुविधा

- रू. ५०००।- देखि रू. २००००००।- सम्मको ऋण बिमा सुविधा ।

## स्वास्थ्य परिक्षण सम्बन्धी सम्झौता ।

क) श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. र भक्तपुर हार्ट एण्ड डायबेटिक सेन्टर बीच सम्झौता अनुसार सदस्यहरूलाई जम्मा रू. ४,०००।- मा निम्नानुसारका सुविधाका प्याकेज दिइनेछ ।

- Blood glucose(fasting)
- Blood glucose post prandial(PP)
- CBC profile(complete blood count)
- Lopid profile
- Liver function test(LFT)
- Renal function test(RFT)
- Throid function test(TFR)
- Uric acid
- Urine routine examination
- ECG
- USG
- Doctor check-up

**नोटः**

- वार्षिक सदस्यताको सुविधा समेत निशुल्क प्रदान गरिने छ ।
- हाललाई वर्ष दिनमा एक पटकको विशेष छुट प्रदान गरिने छ ।
- उल्लेखित सेवा सुविधा लिन संस्थाबाट प्रदान गरिएको सदस्यता परिचय पत्र वा पासबुक साथमा हुनुपर्नेछ ।
- भक्तपुर हार्ट एण्ड डायवेटिक सेन्टरको तीनै वटा केन्द्रबाट यो सुविधा प्राप्त गर्न सकिनेछ ।

ख) श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. र भक्तपुर हार्ट एण्ड डायबेटिक सेन्टर बीच सम्झौता अनुसार संस्थाका सदस्यहरूलाई दिइने सहुलियत निम्नानुसार रहेका छन् ।


| क्र.सं. | सेवा सुविधा | छुट % |
|---|---|---|
| 1 | Monthly once fasting blood sugar and post prandial blood sugar test | Free |
| 2 | Monthly Once urine Routine Examination test | Free |
| 3 | Consultant Doctor Check-up | 10% |
| 4 | ECG/ECHO/USG | 15% |
| 5 | TMT | 10% |
| 6 | Pathology Lab Tests | 20% |
| 7 | Special Tests | 10% |
| 8 | Digital X-Ray | 10% |
| 9 | Physiotherapy | 10% |
| 10 | Dental Serfvices | 10-15% |
| 11 | Pharmacy(Medicines) | 10% |
| 12 | Special Video X-Ray | 10% |

**नोटः**

- उल्लेखित सेवा सुविधा लिन संस्थाबाट प्रदान गरिएको सदस्यता परिचय पत्र वा पासबुक साथमा हुनुपर्नेछ ।
- भक्तपुर हार्ट एण्ड डायबेटिक सेन्टरको तीनै वटा सेवा केन्द्रबाट यो सुविधा प्राप्त गर्न सकिनेछ ।

## Connect IPS सेवा सुचारू ।

जुनसुकै बैंक वित्तीय संस्थाको खातामा रहेको रकम Connect IPS मार्फत सिधै श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. मा रहेको खातामा रकम ट्रान्सफर गर्न सकिने सेवा मिति २०८१ जेठ ६ गते देखि सुचारू भइसकेको छ ।




## Connect IPS बाट रकम Transfer गर्ने प्रक्रिया ।

१. आफ्नो Connect IPS login गर्नुहोला ।


२. ड्यासबोर्डमा रहेको Financial Institution मा गई Co-operative transfer मा जानुहोस् ।

३. Sender details मा गई आफ्नो बैंक खाता छनौट गरी पठाउन चाहेको रकम भर्नुहोस ।

४. Benificiary Detailsमा गई service provider मा गई Shree Barahi Saving & Credit Co-operative Ltd. Bhaktapur छनौट गरी श्री बाराही साकोसमा रहेका आ-आफ्नो खाता नं./मोबाइल नं./Remark राखि Payment गर्नुहोस ।

५. अन्तिममा verify transaction password मा गई आफ्नो connect IPS को transaction password राख्नुहोस ।

## ब्लु बुक नविकरण सेवा



१) ब्लु बुक नविकरण

२) सवारी साधनको राजस्व भुक्तानी ३) सवारी साधन बिमा

## श्री बाराही मोबाइल एप (Android Version) मा नयाँ अपडेट आएको सम्बन्धी सूचना ।



यस संस्थाको श्री बाराही मोबाइल एप (Android Version) मा अझै थप सुविधा र थप सुरक्षाहरू सहितको नयाँ अपडेट आएको जानकारी गराउँदै आफ्नो मोबाइल एप अपडेट गरी प्रयोग गर्नुहुन अनुरोध गर्दछौं ।

**अपडेट पछि प्रयोग गर्ने तरिका सम्बन्धी जानकारीको लागि :**

### १

सर्वप्रथम आफ्नो मोबाइलको प्ले स्टोरमा गई श्री बाराही मोबाइल बैंकिङ्ग एप अपडेट गनुहोला वा पुरानो श्री बाराही मोबाइल एप खोली लगईन गर्नुहोला र अपडेटका लागि खुलेपछि एप अपडेट गर्नुहोला ।


एप अपडेट भईसकेपछि एपलाई खोल्नुहोला । त्यसपछि एपमा मोबाइल नम्बर र पिन नम्बर राख्ने ठाउँ देख्नुहुनेछ ।




- यहाँ आफ्नो रजिस्टर भएको मोबाइल नम्बर राख्नुहोस्
- यहाँ पुरानो पिन नम्बर राख्नुहोस ।
- आफ्नो रजिस्टर भएको मोबाइल नम्बर र पुरानो पिन नम्बर राखेर CONFIRM गर्नुहोला ।

### २

- त्यसपछि तपाईको मोबाइल नम्बरमा ६ अंकको Validation code आउनेछ र त्यो अंक राखेपछि Validate गर्नुहोस ।



- Validate गरिसकेपछि पुरानो पिन नम्बर, पासवर्ड र नयाँ पिन नम्बर राख्ने ठाउँ भएको पेज खुल्नेछ ।




यहाँ पुरानो पिन नम्बर राख्नुहोला ।

यहाँ श्री बाराही मोबाइल एपको लागि नयाँ पासवर्ड राख्नुहोला । पासवर्डमा एउटा Capital letter, एउटा Special character र नम्बरहरू सहितको पासवर्ड राख्नुहोला । उदाहरणको लागि : Aa@bc123

यहाँ माथि राख्नुभएको पासवर्ड राख्नुहोस ।

यहाँ नयाँ पिन नम्बर राख्नुहोस ।

यहाँ माथि राख्नुभएको पिन नम्बर पुन:राख्नुहोला ।

**सम्पुर्ण विवरणहरू राखेर Finish मा क्लिक गर्नुहोला ।**

### ३

- त्यसपछि तपाईको Secutity Questions हरुको एउटा पेज खुल्नेछ ।
- त्यसपछि दुई वटा आफूले सम्झिने प्रश्नहरू छानेर त्यसको उत्तर राखि Request मा क्लिक गर्नुहोला ।




त्यसपछि तपाईको Login पेज खुल्नेछ । आफ्नो पासवर्ड प्रयोग गरी श्री बाराही मोबाइल बैंकिङ्ग एप प्रयोग गर्न सक्नुहुनेछ।

**श्री बाराही मोबाइल बैंकिङ्ग एप सम्बन्धी कुनै समस्या परेमा संस्थामा सम्पर्क गर्नुहोला ।**

**धन्यवाद ।**

## Shree Barahi Smart Banking Services

अब श्री बाराही सहकारीको आफ्नै Apps मा Fonepay को सुविधा पनि समावेश भएको व्यहोरा सहर्ष जानकारी गराउंदछौ । यो सुविधा फोन पे मर्चेन्ट कोड भएको कुनै पनि QR Stand मा उपलब्ध छ । एउटै Scan मा Fonepay, Esewa तथा आन्तरिक FUND Transfer गर्न सकिने छ ।










### २०८१ असार मसान्तसम्मको ले.प. अगाडीको वासलात विवरण

| विवरण | रकम | विवरण | रकम |
|---|---|---|---|
| नगद हिसाब | ३४,१७,९५७.०० | शेयर पुँजी | ७,७९,७९,९००.०० |
| बैंक हिसाब | ९,९६,६८,२३२.९४ | कोष हिसाब | ६,८८,१३,७५५.९२ |
| लगानी हिसाब | २९,१६,८०,२८०.८४ | बचत हिसाब | ७७,९९,१८,८१४.५४ |
| पाउनुपर्ने हिसाब | ३,२८,१९,८४६.२५ | दायित्व हिसाब | ७,०५,४७,५४०.८७ |
| ऋण लगानी | ५४,७७,१९,०२२.०७ | कुल बचत | १,६७,८४,८०६.६२ |
| स्थिर सम्पत्ति | ३,८७,३९,४७८.८५ | | |
| जम्मा दायित्व | १,०१,४०,४४,८१७.९५ | जम्मा सम्पत्ति | १,०१,४०,४४,८१७.९५ |

### २०८१ असार मसान्तसम्मको ले.प. अगाडीको नाफानोक्सान विवरण

| आय विवरण | रकम | खर्च विवरण | रकम |
|---|---|---|---|
| व्याज आम्दानी | ९,७७,८५,७७९.७५ | व्याज खर्च | ७,२६,६४,३६७.७१ |
| अन्य आय | ८५,२०,९९३.०९ | का. सञ्चालन खर्च | १,६८,५७,५९८.५१ |
| | | अवितरित खर्च | १,६७,८४,८०६.६२ |
| जम्मा आम्दानी | १०,६३,०६,७७२.८४ | जम्मा खर्च | १०,६३,०६,७७२.८४ |

असार मसान्तको तरलता :- ४९.७६ प्रतिशत

जम्मा शेयर सदस्य संख्या :- ५७५३ जना

### मिति २०८१ श्रावण १ गते देखि देहायका बचत तथा ऋण शिर्षकमा लागु भएको बचत तथा ऋणको व्याजदर

| क्र.सं. | बचत प्रकारहरू | व्याजदर (%) |
|---|---|---|
| १ | नियमित बचत | ६.५ |
| २ | बाराही संचित बचत | १० |
| ३ | बाल बचत | ७ |
| ४ | खुत्रुके बचत | ६ |
| ५ | पेन्सन बचत | ९ |
| ६ | महशुल बचत | ५ |
| ७ | कारोवार बचत | १२ |

| क्र.स. | बचत प्रकारहरू | व्याजदर (%) |
|---|---|---|
| ८ | गहना बचत | ५ |
| ९ | सवारी साधन बचत | ५ |
| १० | शैक्षिक बचत | ६ |
| ११ | ऐच्छिक बचत | ७.५ |
| १२ | दैनिक बचत | ८ |
| १३ | घर निर्माण बचत | ७ |

| क्र.सं. | आवधिक बचत | एकमुष्ठ (%) | त्रैमासिक (%) | मासिक (%) |
|---|---|---|---|---|
| १ | ३ महिने | ६.५ | | |
| २ | ६ महिने | ६.७५ | ६.५ | ६.५ |
| ३ | १ वर्ष वा सो भन्दा माथि | ८ | ७.७५ | ७.७५ |

६० वर्ष नाघेका वृद्ध सदस्यहरूको (३ महिने देखि १ वर्ष) आवधिक बचतमा कायम व्याजदरमा ०।२५ प्रतिशत थप हुनेछ ।

| क्र.सं. | ऋणको प्रकारहरू | व्याजदर (%) |
|---|---|---|
| १ | घरजग्गा ब्यवसाय ऋण | १४ |
| २ | सामाजिक ऋण | १४ |
| ३ | घडेरी/घर निर्माण ऋण | १३.५ |
| ४ | ब्यापार/ब्यवसाय ऋण | १३.५ |
| ५ | उद्योग ब्यवसाय ऋण | १३.५ |
| ६ | शैक्षिक ऋण | १२.५ |
| ७ | हायर पर्चेज ऋण | १३.५ |
| ८ | कृषि ऋण | १२.५ |
| ९ | पून निर्माण ऋण | १० |
| १० | आवधिक बचत धितो ऋण | +२ |
| ११ | व्यवसाय/व्यवसायिक ऋण | १३.२५ |
| १२ | व्यवसाय पुनरुथान ऋण | ११-१३ |

नोटः मासिक रुपमा समयभित्र ऋणको व्याज भुक्तानी गरेमा पाकेको व्याजमा ७ % रिवेट (व्याज छुट) प्रदान गर्नेछ ।

# संस्थाका विविध गतिविधिहरूको एक झलक




रजत वर्ष समापन समारोह तथा २६ औं स्थापना दिवस




सहकारी शिक्षा शिविर



सहकारी वनभोज तथा धार्मिक स्थल अवलोकन कार्यक्रम, सपन तीर्थ



बाल बचतकर्ता भ्रमण तथा वनभोज कार्यक्रम, गुण्डु



स्वास्थ्य परिक्षण शिविर




खुल्ला रक्तदान कार्यक्रम



संस्थाका मृतक सदस्यका परिवारलाई राहत वितरण गर्दै ।




नेतृत्व विकास तालिम, नगरकोट